शैलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काटाकुटी दोलखा

**२०८१ बैशाख २० गते भएको**

## सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन

२०८०/८१

सहजीकरण : पत्रकार महासंघ दोलखा।

आयोजक : शैलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

काटाकुटी, दोलख

## पृष्ठभुमि

सार्वजनिक सेवा प्रवाह गर्ने निकाय वा तहबाट प्रवाह गरिएका सेवा सुविधाहरु सेवाग्राही बीच न्यायिक रुपमा पुग्यो या पुगेन भन्ने लेखाजोखा गर्ने माध्यमको रुपमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई लिने गरिन्छ । सार्वजनिक सुनुवाई भनेको सेवा प्राप्त गर्ने नागरिक र सेवा प्रवाह गर्ने निकायका अधिकारीहरु बीच आमने सामने भएर सार्वजनिक हितका  विषयमा सवाल जवाफ गर्ने सामुदायिक मञ्च पनि हो । यहि मञ्चको प्रयोग गरेर नागरिकहरुले आफ्ना समस्या र गुनासाहरु जिम्मेवार जनप्रतिनिधि/तथा प्रशासक समक्ष प्रत्यक्ष रुपमा राखेर सेवा सुधारको लागि सुझावहरु दिन सक्छन । आफुले प्रवाह गरेको सेवा प्रति आम नागरिकको धारणा बुझ्ने दरिलो माध्यमको रुपमा रहेको सार्वजनिक सुनुवाई कार्यक्रमले अधिकार प्राप्त व्यक्तिलाई थप जवाफदेही बनाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन समेत मद्दत पुर्याउने गर्दछ । तसर्थ सार्वजनिक सुनुवाईलाई सार्वजनिक सेवा प्रवाह गर्ने निकायले सामाजिक उत्तरदायित्त्व सुदृढ गर्ने महत्वपूर्ण औजारको रुपमा समेत लिने गर्दछन ।

## उद्देश्यः

सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेको र कार्य सम्पादनमा सुधार गर्न मार्गदर्शनको रुपमा पनि रहने भएकोले सर्वजनिक सुनुवाई कार्यक्रम गर्नु आवश्यक छ । यसै अनुरुप शैलुङ गाउँपालिकाबाट आ. ब. २०८०/८१ मा सम्पादन भएका कार्यहरको बारेमा आम गाउँपालिका बासी बीच जानकारी गराउने र कार्य सम्पादनका सम्बन्धमा सर्वसाधारणमा रहेका गुनासा तथा जिज्ञासाहरुको सुनुवाई गरी सो अनुरुप सेवा प्रवाहमा सुधार गर्ने अभिप्राय र उद्देश्यका साथ गाउँपालिकाको आयोजना र नेपाल पत्रकार महासंघ दोलखाको सहजीकरणमा २०८१ साल बैशाख २० गते विहीबार गाउँपालिकाको बाघखोर बजारमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको थियो ।

## क्रियाकलापः

पत्रकार महासंघ दोलखाका अध्यक्ष दिपशंकर चौलागाईंको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाई कार्यक्रम पत्रकार महासंघ दोलखाका सुजन काफ्लेले सञ्चालन गर्नु भएको थियो भने गाउँपालिकाका अध्यक्ष श्री रिमलबाबु श्रेष्ठ प्रमुख जवाफदेही वक्ता तथा उपाध्यक्ष श्री पार्वती कार्की र प्रमुख प्रशासकीय अधिकृत श्री संजिब न्यौपाने जवाफदेही वक्ताको रुपमा रहनु भएको थियो । गाउँपालिकाले चालु आ. ब. को बैशाख १५ गते सम्म सम्पादन गरेका कार्यहरुको प्रतिवेदन प्रस्तुती पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा कार्यक्रमको उद्देश्य र सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिताको बारेमा सञ्चालकले जानकारी गराउनु भयो । यस लगत्तै कार्यक्रममा सवाल जवाफको चरण प्रारम्भ भयो ।

<u>२०८१ बैशाख २० गते भएको सार्वजनिक सुनुवाई कार्यक्रममा उठाइएका सवालहरुः</u>

### सवालकर्ताः रामलाल तामाङ, शैलुङ १

१) वडा नं १ को गैरी लगायतका क्षेत्रका बासिन्दाहरुलाई वडा कार्यालय सम्म पुगेर सेवा लिन दूरीका हिसाबले अत्यन्तै टाढा भएको र यसले निकै कठिनाई उत्पन्न गरेकोले सो क्षेत्रका बासिन्दाको लागि बैकल्पिक व्यवस्था गरिनु पर्ने ।

२) शैलुङ चक्रपथको DPR भएकोमा कार्यान्वयन पक्ष के हुँदैछ जानकारी पाउन पाए हुने थियो कि ?

३) वडामा गरिने सडक सरसफाईको काम खासै प्रभावकारी नदेखिएकोले सडक सरसफाईको कार्य प्रभावकारी बनाउनु पर्ने ।

४) कृषि तथा पशुस्वास्थ्य प्राविधिक सम्बन्धित फिल्डमा नहुने गरेकोले किसानहरुलाई समस्या हुने गरेको ।

५) कृषकले समयमा नै रसायनिक मल प्राप्त गर्न सकेनन् र प्राप्त हुँदा पनि निर्धारित भन्दा महंगोमा किन्नु परेकोले यसको नियमन गरिनुपर्ने ।

६) पूर्वाधार निर्माणका लागि तयार भएको प्राविधिध लागत अनुमानका बारेमा उपभोक्ता समिति स्पष्ट हुन सकेन स्पष्ट हुनेगरी लागत अनुमान तयार गर्नुपर्ने र प्राविधिक कर्मचारीले सहजीकरण गरिदिनु पर्ने ।

७) कतिपय विद्यालयमा विद्यार्थी संख्या अत्यन्तै कम हुँदा पनि शिक्षक संख्या भने धेरै भएको देखिएको हुँदा यसलाई व्यवस्थापन गरिनु पर्ने ।

**सवालकर्ताः हरि श्रेष्ठ, शैलुङ ३**

१) बजारको नियमित रुपमा अनुगमन गरी अबैध तरिकाले खुल्ला रुपमा बेचिने सामाग्रीहरुको व्यवस्थापनमा ध्यान दिनु पर्ने साथै बजार अनुगमनको कार्यलाई प्रभावकारी तथा परिणाम निस्कने खालको बनाउनु पर्यो ।

२) शैलुङ अस्पतालमा औषधि लगायत स्वास्थ्य सामाग्री र उपकरणको पर्याप्त व्यवस्था गरिनु पर्यो ।

**सवालकर्ताः फुर्वा तामाङ, शैलुङ ३**

१) निर्वाचनको बेला वडा कार्यालय सबैलाई पायक पर्नेगरी व्यवस्थापन गरिने आश्वासन दिइएको थियो तर हाल सम्म त्यसतर्फ कुनै चासो दिएको देखिएन । यस विषयमा अब के हुन्छ ?

२) वडा नं ३ मा पशुस्वास्थ्य प्राविधिकको व्यवस्था छैन, गाउँपालिकाको नै प्राविधिकले हेर्ने भनिए पनि त्यो अत्यन्तै कठिन र अपर्याप्त देखियो ।

३) नश्ल सुधारको लागि गाउँपालिकाले बोका खरिद गरेको भन्ने सुनियो तर त्यो कहाँ कहाँ वितरण भयो अनि कसरी प्राप्त गर्न सकिन्छ थाहा पाउन पाए हुन्थ्यो ।

४) आगलागी लगायत अन्य प्रकारका प्रकोपबाट बच्न विपद् व्यवस्थापन सँग सम्बन्धित सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा रहनु पर्नेमा त्यसो हुन सकेको देखिएन किन होला ?

**सवालकर्ताः प्रेम कार्की, शैलुङ ७**

१) अपुग ठाउँमा खानेपानी व्यवस्थापन हुन्छ भन्ने आश्वासन अघिल्लो वर्ष दिइएको थियो तर किन पुर्याउन सकिएन ?

२) स्थानीय बासीहरु कृषि कर्म गर्न जागरुक देखिन्छन् र उत्साहित पनि छन तर उनीहरुलाई प्रोत्साहनका कार्यक्रमहरु गाउँपालिकाले अझै किन ल्याउन सकेन ? यस सम्बन्धमा कृषक समुहले अघिल्ला वर्ष देखि नै गुनासो गर्दै आएका हुन तर पनि वेवास्ता किन गरिएको हो समय मै कृषकहरुको गुनासो सम्बोधन गर्ने तर्फ ध्यान दिनु पर्यो ।

सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको प्रमुख जवाफदेही वक्ता गाउँपालिका अध्यक्ष श्री रिमलबाबु श्रेष्ठ, जवाफदेही वक्ता गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की, जवाफदेही वक्ता प्रमुख प्रशासकीय अधिकृत श्री संजिब न्यौपाने, इन्जिनियर कमल थापामगरले स्पष्ट पार्ने प्रयत्न सहित जवाफ दिनु भएको थियो ।

सवालको जवाफ दिनुहुँदै गाउँपालिका अध्यक्ष एवं कार्यक्रमका प्रमुख जवाफदेही वक्ता रिमलबाबु श्रेष्ठले वडा कार्यालय सबैलाई पायक पर्नेगरी व्यवस्थापन गर्न संघीय सरकारको परामर्श लिइ आवश्यक प्रक्रिया अघि बढाइने, जनशक्तिले पुगे सम्म सेवा प्रवाहलाई थप व्यवस्थित गरिने, शैलुङ चक्रपथ पुरा हुनेगरी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग पहल भै रहेको, गाउँपालिकाले शिक्षा, स्वास्थ्य र कृषि तथा पशुपालनका क्षेत्रलाई प्राथमिकतामा राखेकोले यस तर्फ विद्यमान जनशक्ति परिचालनलाई व्यवस्थित गरिने तथा आवश्यकता र औचित्यताका आधारमा थप जनशक्ति व्यवस्थापनमा समेत पहल गरिने, प्रकोप न्यूनिकरण र विपद् व्यवस्थापन तर्फ गाउँपालिका सजग रहेको र स्रोत साधनको व्यवस्था गरी यसलाई सम्बोधन गरिने, गाउँपालिका सँग सदरमुकाम र गाउँपालिकासँग वडा कार्यालय केन्द सम्म जोड्ने सडकलाइ सर्वयाम सवारी साधन चल्नेगरी सुचारु गर्न गाउँपालिकाले चासोका साथ काम गर्दै गरेकोले सडक मर्मत सुधारका कार्यलाइ प्रभावकारी बनाईने जानकारी गाराउनु भयो ।

त्यसैगरी जवाफदेही वक्ता एवं गाउँपालिका उपाध्यक्ष पार्वती कार्कीले किसानहरुलाई समयमा नै सर्वसुलभ तरिकाले रसायनिक मल उपलक्ध गराउन तथा वितरण गर्नको लागि सहकारी संस्थाहरुलाई निर्देशन दिइने तथा सहकारी संस्थाको भेला गरी यस विषयमा छलफल समेत चलाइने साथै अनुगमन समेत गरिने, बजार अनुगमनको कार्यलाई नियमित गर्दै नतिजामूखी बनाइने र समयानुकूल छड्के अनुगमन समेत गरिने, कृषक समुहहरुबाट गुनासोहरु प्राप्त भएको बारेमा कुनैपनि जानकारी प्राप्त हुन नआएकोले यस विषयमा औपचारिक जानकारी गराउन समेत अनुरोध गर्नुभयो ।

कार्यक्रममा जवाफदेही वक्ता तथा प्रमुख प्रशासकीय अधिकृत संजिब न्यौपानेले नश्ल सुधारको कार्यक्रम अन्तरगत बोका वितरण गर्दा सकभर मागको आधारमा व्यवस्थित तरिकाले वितरण गरिएको र यसो गर्दा गर्दै पनि कहिकतै कमजोरी भएको देखिएमा आगामी दिनमा सुधार गरिने, शैलुङ अस्पतालमा औषधि तथा उपकरणको व्यवस्थापन भै रहेको, यस सम्बन्धी ठेक्का सम्झौता समेत भै सकेकोले औषधिको अभाव नहुने, सो सँगसँगै उपकरणको समेत व्यवस्थापन गरिने साथै गाउँपालिकाको क्षमता अपुग देखिएमा संघीय र प्रदेश सरकारसँग समेत अनुरोध गरी औषधि तथा स्वास्थ्य उपकरणको व्यवस्थापनमा ध्यान दिइने बताउनु भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा इन्जिनियर कमल थापामगरले आयोजनाहरुको लागत अनुमान तयार गर्दा नेपाली भाषामा सबैले बुझ्ने गरी तयार गर्ने गरिएको यसबाट समेत स्पष्ट हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारी तथा गाउँपालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गरेर समेत बुझ्न र बुझेर मात्र काम गर्न आग्रह गर्नुभयो । आयोजनाहरुको प्रभावकारिताका बारेमा स्थलगत रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने गरिएको र यसलाई आगामी दिनमा अझ प्रभावकारी एवं नियमित बनाइने बताउनु भयो ।

**प्रतिवद्धताः**

- यस शैलुङ गाउँपालिकाबाट सम्पादन हुने कार्यहरु समयमा नै फलदायी बनाउन थप व्यवस्थित रुपले सेवा प्रवाह गर्दै कृषि तथा पशुपंक्षि पालक कृषकहरुलाई उनीहरुको प्रस्ताव अध्ययन गरी प्रोत्साहनका कार्यक्रमहरु गरिने ।

- बजारमा उपभोग्य सामाग्रीहरु गुणस्तरीय एवं तोकिए बमोजिम कै परिमाणमा तोकिए बमोजिम नै वा उचित मूल्य सहित उपभोक्ताले प्राप्त गर्ने सक्नेगरि बजारको अनुगमन पश्चात व्यवस्थित गरिने ।
- शिक्षा तथा स्वास्थ्यमा लगानी अनुरुपको प्रतिफल हासिल गर्ने पक्षलाई ध्यानमा राखी सो सम्बन्धी संयन्त्रको परिचालनमा थप सक्रियता देखाइने ।
- वडालाई गाउँपालिका केन्द्र र गाउँपालिकालाई जिल्ला सदरमुकाम सम्म जोड्ने सडक सर्वयाम सवारी साधन चल्न सक्ने गरी सडक सुधारको कार्यलाई प्राथमिकतामा राखिने ।

यसरी चार बुँदे सार्वजनिक प्रतिवद्धता सहित सार्वजनिक सुनुवाई कार्यक्रम अन्त्य भएको थियो । कार्यक्रमको समापनमा गाउँपालिका अध्यक्ष एवं कार्यक्रमका प्रमुख जवाफदेही वक्ता रिमलबाबु श्रेष्ठले कार्यक्रममा सहभागी सबै र कार्यक्रमको सहजीकरण गर्नुहुने नेपाल पत्रकार महासंघ दोलखालाई समेत धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी कार्यक्रमको समापनका अवसरमा कार्यक्रमका अध्यक्ष तथा पत्रकार महासंघ दोलखाका अध्यक्ष दिपशंकर चौलागाईंले गाउँपालिकाबाट सम्पादित कार्यहरु प्रभावकारी रहेको विगतको कार्यकालमा थालनी भएका राम्रा कामको निरन्तरता दिनुपर्ने लगायतका भनाइ राख्दै पत्रकार महासंघ दोलखालाई कार्यक्रमको सहजीकरणका लागि अवसर प्राप्त भएकोमा गाउँपालिका प्रति आभार प्रकट गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

**नागरिक अभिमतबाट प्राप्त नतिजाः**

सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाले केही प्रश्नावली तयार गरी सहभागीका तर्फबाट अभिमत संकलन गरेको थियो । संकलन भएको अभिमत अनुसार गाउँपालिकाको सेवा प्रवाहको सन्दर्भमा देहाय बमोजिमको नतिजा देखिएको छ ।

अभिमतमा सहभागी संख्याः १४ जना।

स्थानः शैलुङ गाउँपालिका ३, बाघखोर बजार।

मितिः २० बैशाख, २०८१

## भाग १

**<u>१ सेवाको सन्तुष्टिः</u>**

क) तपाईंले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७.१५% | ११ | ७८.५७% | २ | १४.२८% | |

ख) सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट | कैफियत |
|---|---|---|---|

| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| ६ | ४२.८५% | ७ | ५०.००% | १ | ७.१५% | |

**२ शाखागत कार्य सम्पादनः**

क) योजना अनुगमन तथा प्रशासन शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७१% | ९ | ६४.२९% | ० | ०% | |

ख) आर्थिक प्रशासन शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७.१५% | ९ | ६४.२९% | ४ | २८.५७% | |

ग) युवा खेलकूद तथा शिक्षा शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा दोहोरो लागेको । |
| २ | १५.३८% | २ | १५.३८% | ९ | ६९.२३% | |

घ) सामाजिक विकास शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २ | १४.२९% | १० | ७१.४२% | २ | १४.२९% | |

ङ) पूर्वाधार विकास शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | २१.४३% | ८ | ५७.१४% | ३ | २१.४३% | |

च) पशुपंछी विकास शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७१% | ६ | ४२.८६% | ३ | २१.४३% | |

छ) कृषि विकास शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | २१.४३% | ९ | ६४.२८% | २ | १४.२९% | |

ज) रोजगार सेवा केन्द्रको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटा नलागेको खाली |
| ५ | ३८.४६% | ५ | ३८.४६% | ३ | २३.०८% | |

झ) पञ्जीकरण तथा सामाजिक सुरक्षा इकाईको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटा नलागेको खाली |
| ५ | ३८.४६% | ८ | ६१.५४% | ० | ०% | |

ञ) कानूनी मामिला शाखाको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा दोहोरो लागेको । |
| ३ | २३.०७% | ८ | ६१.५४% | २ | १५.३९% | |

ट) जिन्सी इकाईको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | २३.०७% | ८ | ६१.५४% | २ | १५.३९% | एउटा नलागेको खाली |

ठ) राजस्व इकाईको कार्य सम्पादन कस्तो लाग्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ६ | ४२.८६% | ७ | ५०.००% | १ | ७.१४% | |

ड) वडा कार्यालयबाट हुने सेवा प्रवाह अर्थात वडा कार्यालयको कार्य सम्पादन कस्तो छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ९ | ६४.२८% | ४ | २८.५८% | १ | ७.१४% | |

**३ सेवाको नियमितता**

क) नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाइले प्राप्त गर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटा नलागेको खाली |
| ५ | ३८.४६% | ४ | ३०.७७% | ४ | ३०.७७% | |

ख) कार्यालयमा समयको परिपालना र कार्य चुस्ततामा कत्तिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | | ठीकै | | विश्वास छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७.१४% | १० | ७१.४४% | ३ | २१.४२% | |

ग) कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउँछ ?

| एक दिन मै हुन्छ | | २ दिन त लाग्छ | | धेरै दिन लाग्छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | दुईवटा मा नलागेको खाली |
| २ | १६.६७% | ४ | ३३.३३% | ६ | ५०.००% | |

**४ सेवा प्रतिको जनविश्वासः**

क) कार्यालयले दिने सेवा प्रति तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त छु | | ठीकै | | विश्वस्त छुईन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा नलागेको खाली |
| २ | १५.३८% | १० | ७६.९२% | १ | ७.७०% | |

ख) कार्यालयबाट प्रवाह हुने सेवाको बारेमा अरुलाई समेत जानकारी गराई कत्तिको प्रचार गर्नुभएको छ ?

| धेरै गरेको छु | | ठीकै | | गरेको छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | २१.४२% | ८ | ५७.१६% | ३ | २१.४२% | |

ग) कर्मचारी प्रति तपाईंलाई कत्तिको विश्वास छ ?

| धेरै छ | | ठीकै छ | | छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४ | २८.५८% | ९ | ६४.२८% | १ | ७.१४% | |

घ) कार्यालयले विपन्न वर्गको लागि सुनिश्चित गरे बमोजिम सेवा प्रवाह भएको थाहा छ ?

| थाहा छ | | थाहा छैन | | अलि अलि सुनेको छु | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउट नलागेको खाली |
| ३ | २३.०७% | ७ | ५३.८६% | ३ | २३.०७% | |

**५ सेवाको गुणस्तरः**

क) कार्यालयबाट सेवा लिंदा कार्यालयले उपलब्ध गराउने जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | | कम सन्तुष्ट | | असन्तुष्ट | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ७ | ५०.००% | ७ | ५०.००% | ० | ००.००% | |

ख) तपाईं कामको सिलसिलामा कार्यालयमा आउँदा कसको सहयोग लिनुहुन्छ ?

| आफैं | | गाउँका ठुलाबडा | | मध्यस्थकर्ता | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १२ | ८५.७२% | १ | ०७.१४% | १ | ७.१४% | |

ग) एउटा कामको लागि कार्यायमा कतिपटक धाउनु भयो ?

| एक पटक मै काम भयो | | दुई पटक सम्म लाग्यो | | धैरै पटक लाग्यो | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २ | १४.२९% | ७ | ५०.००% | ५ | ३५.७१% | |

**६ कार्यालय व्यवस्थापनः**

क) कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | | ठीकै | | नराम्रो | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ६ | ४२.८६% | ६ | ४२.८६% | २ | १४.२८% | |

ख) कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ?

| छ | | अलिअलि छ | | कुनै जानकारी छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७१% | ६ | ४२.८६% | ३ | २१.४३% | |

ग) कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| अति राम्रो | | राम्रो | | खासै राम्रो छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७१% | ९ | ६४.२९% | ० | ००.००% | |

घ) सञ्चालन हुने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

| २०% जति | | ५० % भन्दा माथि | | थाहा छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| ३ | २३.०७% | २ | १५.३८% | ८ | ६१.५५% | |

**७ नागरिक बडापत्र/उजुरीपेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा ।**

क) तपाईंको विचारमा नागरिक बडापत्रको उपयोग सेवाग्राहीले कुन हदसम्म गरेका छन ?

| २०% जति | | ५० % भन्दा माथि | | थाहा छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| ३ | २३.०७% | २ | १५.३८% | ८ | ६१.५५% | |

ख) तपाईंको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हद सम्म सेवा प्रदान गरे जस्तो लाग्छ ?

| धेरै | | ठीकै | | अति कम | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| १ | ७.६९% | १० | ७६.९३% | २ | १५.३८% | |

ग) तपाईंको विचारमा उजुरीपेटिकाको उपयोग कुन हद सम्ममा भएको छ ?

| धेरै | | ठीकै | | भएकै छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | दुईवटामा खाली नलागेको |
| ० | ००.००% | ३ | २५.००% | ९ | ७५.००% | |

# भाग २

**१ सिफारिश सम्बन्धीः**

क) सिफारिशको लागि चाहिने आवश्यक कागजातको प्रष्ट जानकारी पाउनु भयो ?

| पाएँ | थोरै मात्र पाएँ | स्पष्ट जानकारी पाइन | कैफियत |
|---|---|---|---|
| | | | |

| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
|---|---|---|---|---|---|---|
| ८ | ६१.५४% | ५ | ३८.४६% | ० | ००.००% | |

ख) कुनै सिफरिशको लागि तोकिएको शुल्क बाहेक अतिरिक्त रकम पनि दिनुभयो कि ?

| दिएँ | | थोरै दिएँ | | मागिएन र दिइएन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| १ | ०७.६९% | १ | ०७.६९% | ११ | ८४.६२% | |

ग) सिफारिश प्राप्त गर्दा कसको सहयोग लिनुभयो ?

| आफैं | | मध्यस्थकर्ता/ कार्यालयको नै मान्छे | | ठुलाबडा नेता | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ११ | ७८.५७% | ३ | २१.४३% | ०० | ००.००% | |

घ) राजस्व शुल्क दस्तुर को कससँग उठाउने गरेको पाउनुभयो ?

| सबैसँग | | सीमित व्यक्तिसँग मात्र | | धैरैसँग लिदैनन/ बक्यौता छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | तीन वटामा खाली नलागेको |
| ९ | ८१.८२% | ० | ००.००% | २ | १८.१८% | |

**२ पूर्वाधार तथा सरसफाई सम्बन्धीः**

क) कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | | ठीकै | | खराब | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७२% | ८ | ५७.१४% | १ | ०७.१४% | |

ख) कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारबाही कत्तिको गरिन्छ ?

| तुरुन्तै | | पटक पटक भनेपछि मात्र | | जति भनेपनि हुदैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४ | २८.५७% | ६ | ४२.८६% | ४ | २८.५७% | |

ग) तपाईंको विचारमा कार्यालयले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम तथा गतिविधिहरु कत्तिको प्रभावकारी ढंगले गर्ने गरेको छ ?

| नियमित र प्रभावकारी | | ठीकै | | नियमित र प्रभावकारी छैन | | |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २ | १४.२८% | ८ | ५७.१४% | ४ | २८.५७% | |

घ) तपाईंको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| राम्रो | | ठीकै | | खराब | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | २१.४३% | १० | ७१.४३% | १ | ७.१४% | |

ङ) सञ्चालन गरिएका आयोजनाहरु कत्तिको प्रभावकारी छन ?

| प्रभावकारी छन | | ठीकै छन | | प्रभावकारी छैनन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५ | ३५.७२% | ६ | ४२.८५% | ३ | २१.४३% | |

च) आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

| सहज | | ठीकै | | अप्ठ्यारो | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | २१.४३% | ८ | ५७.१४% | ३ | २१.४३% | |

छ) आयोजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भएको छ ?

| सजिलै | | कहिलेकाहि | | माग गर्दा पनि पाइदैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| ५ | ३८.४६% | ६ | ४६.१६% | २ | १५.३८% | |

ज) विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

| सजिलै | | सोधेपछि मात्र | | सोधेपनि जानकारी पाइदैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४ | २८.५७% | ८ | ५७.१५% | २ | १४.२८% | |

झ) आयोजना सञ्चालन गर्दा गाउँपालिका कार्यालयबाट कत्तिको सहयोग पाउनु भएको छ ?

| धेरै | | ठीकै | | निरुत्साहित गरिन्छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| ४ | ३०.७७% | ९ | ६९.२३% | ०० | ००.००% | |

**३ कार्यालयको विविध पक्षमा तपाईंको अनुभव कस्तो छ**

क) गाउँपालिकाको आर्थिक स्रोत कस्तो छ ?

| आवश्यक स्रोत उपलब्ध छ | | कम स्रोत उपलब्ध छ | | अति कम स्रोत उपलब्ध छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | दुइवटामा खाली नलागेको |
| ३ | २५.००% | ७ | ५८.३३% | २ | १६.६७% | |

ख) काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

| अति सरल | | ठीकै | | जटिल | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ७.१४% | १२ | ८५.७२% | १ | ७.१४% | |

ग) कार्यालयमा भएका कर्मचारीको सीप कस्तो छ ?

| आवश्यक सीप छ | | आवश्यक भन्दा कम सीप छ | | निकै कम छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ७ | ५०.००% | ६ | ४२.८६% | १ | ७.१४% | |

**४ पारदर्शिता सम्बन्धीः**

क) सार्वजनिक सुनुवाईमा गरिएका सार्वजनिक प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?

| धेरै | | ठीकै | | कम | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ०० | ००.००% | ९ | ६४.२९% | ५ | ३५.७१% | |

ख) सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

| बनेको छ | | बनेको छैन | | जानकारी छैन | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | दुईवटामा खाली नलागेको |
| ३ | २५.००% | २ | १६.६७% | ७ | ५८.३३% | |

ग) गाउँपालिका कार्यालयको नीति कार्यक्रम बजेट र स्रोतको बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी पाएको छु | | ठीकै जानकारी छ | | कम जानकारी छ | | कैफियत |
|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | एउटामा खाली नलागेको |
| १ | ७.६९% | ५ | ३८.४६% | ७ | ५३.८५% | |

तपाईंलाई कार्यालयको कुन कुन पक्ष धेरै राम्रो लाग्यो कुन कुन पक्ष सुधार गर्नुपर्ने देख्नुहुन्छ ?

**राम्रा पक्षः**

१) कार्यालयका कर्मचारीको सीप ठीकै लागेको छ ।

२) बजार अनुगमनको कार्य राम्रो लाग्यो ।

**सुधार गर्नुपर्ने पक्षः**

१) कृषि र पशुपंक्षी विकास शाखामा सुधार गर्नुपर्ने ।

२) युवा रोजगारीका क्रियाकलाप सञ्चालन गर्नुपर्ने ।

३) विरामी परेको बेला पैसाको अभावमा कोही पनि मर्नुपर्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने

४) शिक्षामा गुणस्तर सुधारमा बढी ध्यान दिनुपर्ने ।

५) गाउँ गाउँमा पसल नजिक फोहोरहरु जथाभावी फाल्ने खासगरी सिसा बोतलहरु जथाभावी फाल्ने गरिएकोले त्यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

६) गाउँपालिकामा दमकलको व्यवस्था गर्नुपर्ने ।

७) गाउँपालिकाबाट सम्पादन हुने तथा भएका कार्य लगायतको सूचना कम मात्र हुने गरेकोले सूचना प्रवाह प्रभावकारी हुनुपर्ने ।

८) बजार पटक पटक अनुगमन गर्नुपर्ने र बजारमा पेट्रोल खुल्ला रुपमा बेचिने गरेकोले सो को नियन्त्रण गरिनु पर्ने ।

९) बजारमा भएका छाडा कुकुरहरुको व्यवस्थापन गर्ने तर्फ आवश्यक प्रबन्ध गरिनु पर्ने ।

१०) खेलकूदको सन्दर्भमा अध्यक्षकप फुटबल प्रतियोगिता लगायतका प्रतियोगिता सञ्चालन गरिनुपर्ने ।

११) बाघखोर पछाडिको ढल व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

नागरिक अभिमतको परिणामलाई हेर्दा गाउँपालिकाको सेवा प्रवाह सन्तोषजनक देखिए पनि अझै व्यवस्थापकीय र सेवा प्रवाहको क्षेत्रमा गर्नुपर्ने काम धेरै रहेको देखिन्छ । यसको लागि कार्यालयमा रहेको जनशक्तिको सीप तथा क्षमता विकास गर्दै सेवा प्रवाह थप परिणाममुखी हुनुपर्ने देखाएको छ । यस तर्फ नीति निर्माणको तह र कार्यान्वयनको तह दुबै सम्बेदनशील हुनु आवश्यक देखिन्छ ।

## सार्वजनिक सुनुवाई तस्वीरः




शैलुङ गाउँपालिकाको आ.व. २०८०/०८१ को
दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ वैशाख २० गते बिहिबार


शैलुङ गाउँपालिकाको आ.व. २०८०/०८१ को
दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम
12:30 PM


12:30 PM

# उपस्थिति विवरण

आज मिति २०८१ साल बैशाख २० गते बिहिबार यस थैलुङ गाउँपालिका बाघखोर बजारमा पत्रकार महासंघ दोलखाको सहजीकरण तथा थैलुङ गाउँपालिकाको आयोजनामा गाउँपालिकाको २०८०।८१ को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति विवरण :-

१, श्री दिप शंकर चौलागाईं, सभापति पत्रकार महासंघ दोलखा
२, श्री रिमल बाबु श्रेष्ठ, अध्यक्ष
३, श्री पार्वती कार्की, उपाध्यक्ष -
४, श्री संजिब न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
५, श्री बिर बहादुर घतानी वडा अध्यक्ष -
६, श्री तिर्थ बहादुर श्रेष्ठ ,,
७, श्री बिर बहादुर तमाङ ,,
८, श्री झम्क बहादुर कार्की ,,
९, श्री दिलकुमार तमाङ ,,
१०, श्री दिपक बस्नेत ,,
११, श्री सुजन खड्का ,,
१२, श्री धन बहादुर तमाङ ,,
१३, श्री चम्सुरी कार्की कार्यपालिका सदस्य -
१४ श्री [illegible]
१५ कृष्ण बहादुर [illegible]
१६ राजन [illegible]
१७ दिपक [illegible]
१८. नारायण थापा
१९ सुशिला कार्की
२० सन्दीप खड्का
२१ [illegible] तामाङ
२२ लाल बहादुर श्रेष्ठ
२३ यज्ञ बहादुर तामाङ
२४. सुमन भण्डारी
२५. सन्दिप श्रेष्ठ
२६. सन्दिप श्रेष्ठ
२७. [illegible] तामाङ

२८. साङ्‌छोल्मा तामाङ — साङ्‌छो
२९. हरि श्रेष्ठ — Hari
३०. श्याम श्रेष्ठ
३१. इन्द्र बहादुर श्रेष्ठ
३२. फुर्बी मोक्तान
३३. टोप बहादुर श्रेष्ठ
३४. चक्र बहादुर श्रेष्ठ
३५ श्रीराम फुयाल प्र.स.नि. फुट्टेचौरी, थैले — श्रीराम
३६ आकाश कटुवाल
३७. मिलन बस्नेत
३८. रवि श्रेष्ठ — Ravi
३९. माधव पौडेल भण्डारी — माधव
४० चिरञ्जीवी सापकोटा — चिरञ्जीवी
४१ प्रितम थापा मगर — प्रितम
४२. ललित बहादुर तामाङ — ललित
४३. सुवास तमाङ — Suvas
४४. उगेन लामा — उगेन
४५. हरि बहादुर तामाङ शैलुङ-३,
४६. ओम बहादुर श्रेष्ठ — Om
४७. सोम बहादुर तामाङ (सामबा, चैनपुर) — सोम
४८. राम हरि खड्का — Ram
४९. धन बहादुर ~~श्रेष्ठ~~ तामाङ
५०. राम ब. तामाङ तामाङ
५१. सुमन चौलागाई — Suman
५२. टेक बहादुर कुँवर — Tek
५३. राम शरण बस्नेत — Ram
५४. ठाकुर कार्की — ठा. कार्की
५५. लक्ष्मी बस्नेत — Laxmi
५६. जयमती थापा — Jayamati
५७. सुनिता वि. के. — Sunita
५८ देवी विक — देवी
५९ नारायण शाक्य — नारायण शाक्य

| | | |
|---|---|---|
| ६०. | मान कुमारी श्रेष्ठ | मान |
| ६१. | राम बहादुर श्रेष्ठ | रामबहादुर |
| ६२. | माइली तामाङ | माइली |
| ६३. | फुली तामाङ | फुली |
| ६४. | धनलक्ष्मी तामाङ | धनलक्ष्मी |
| ६५. | रिठ्ठे श्रेष्ठ | रिठ्ठे |
| ६६. | गोविन्द श्रेष्ठ | Govinda |
| ६७. | दिल कुमारी श्रेष्ठ | दिल |
| ६८. | बिर भक्त श्रेष्ठ | [signature] |
| ६९. | पुष्पा श्रेष्ठ | [signature] |
| ७०. | सुजन काफ्ले (पत्रकार) | [signature] |
| ७१. | अविरल बस्नेत (पत्रकार) | [signature] |
| ७२. | साजन बुढाथोकी | [signature] |
| ७३. | सन्च बहादुर श्रेष्ठ | सन्च |
| ७४. | कृष्ण कुमार श्रेष्ठ | कृष्ण |
| ७५. | चन्द्र बहादुर श्रेष्ठ | चन्द्र |
| ७६. | हिमाल श्रेष्ठ | [signature] |
| ७७. | रविना श्रेष्ठ | रविना |
| ७८. | गंगा कु. श्रेष्ठ | गंगा |
| ७९. | पेमा बहादुर शेर्पा श्रेष्ठ | पेमा |
| ८०. | टिका कुमारी श्रेष्ठ | टिका |
| ८१. | पद्मीमाया श्रेष्ठ | [signature] |
| ८२. | मान बहादुर श्रेष्ठ | [signature] |
| ८३. | धन बहादुर श्रेष्ठ | [signature] |
| ८४. | सुजित वि. कु. प्रहरी चौकी, भैंसे. | [signature] |
| ८५. | बालकृष्ण दाहाल, प्र.अ. दुर्गा मा.वि. मणापोखरी | [signature] |
| ८६. | सोम बहादुर श्रेष्ठ | सोम |
| ८७. | राम बाबु साह अ.स.इ. | [signature] |
| ८८. | प्रेमराज कार्की शंखु -७ | [signature] |
| ९०. | अर्चना घिमिरे काठमाण्डौ | [signature] कालाकृष्ण |
| ९१. | बाल कृष्ण श्रेष्ठ | [signature] |
| ९२. | खड्क बहादुर श्रेष्ठ | [signature] |

CamScanner

| | | |
|---|---|---|
| ९३. | नेत्र बहादुर श्रेष्ठ | |
| ९४ | हिरिङ तामाङ | हिरिङ |
| ९५. | विष्णु माया श्रेष्ठ | विष्णु |
| ९६. | सरस्वती श्रेष्ठ | Saraswati |
| ९७. | रुद्र बहादुर श्रेष्ठ | रुद्र |
| ९८. | तुला बहादुर वि.क. | तुला |
| ९९ | कृष्ण बहादुर श्रेष्ठ | |
| १०० | राजु खड्का | |
| १०१ | पासाङ तामाङ | Pasang |
| १०२ | संगिता श्रेष्ठ | संगिता |
| १०३ | धन बहादुर श्रेष्ठ | |
| १०४ | सुनिता श्रेष्ठ | सुनिता |
| १०५ | भुप नारायण श्रेष्ठ (मुखी-चौडी मागापांवा) | |
| १०६. | मनिष गिरि प्र.स. | |
| १०७. | कमल बहादुर श्रेष्ठ | |
| १०८. | गोकुल कुँ घी. भि.न.पा. ५ | |
| १०९ | पार्वती श्रेष्ठ | |
| ११० | अमृता ठाकुर | |
| १११ | ओम ब. श्रेष्ठ | |
| ११२ | तारा तामाङ | |
| ११३ | अम्बिका कार्की | अम्बिका |
| ११४. | सावित्रा कार्की | सावित्री कार |
| ११५. | सिता कुँवर | |
| ११६. | अनिता ग्यौपाने | |
| ११७. | विरेन्द्र ब. खडायत | |
| ११८ | लिला ~~माया~~ तामाङ | |
| ११९ | निमिता खनाल | |
| १२० | प्रकाश बोगटी | |
| १२१. | गौरव बज्राडे | |
| १२२. | सुभाष कि. के. | |
| १२३. | आन.व प्रताप फ्रोडे | |
| १२४ | विक्रम खुलाल | |

१२५. दिर्घराज अवस्थी (प्रतिनिधि)

१२६ रामकाजी कार्की अ.सि.ई.

१२७. रमेश श्रेष्ठ

१२८. ~~[illegible]~~ जनराज योञ्जन / कम्प्युटर अपरेटर

१२९. शोभा श्रेष्ठ

१३० ध्वज बहादुर श्रेष्ठ - [illegible]-४

१३१ स्नेह वि.क.

१३२. माईली वि.क.

१३३. टेक बहादुर श्रेष्ठ, रोजगार संयोजक

१३४. रत्न बहादुर श्रेष्ठ

१३५. विष्णु बहादुर कार्की, स्वास्थ्य शाखा प्रमुख

१३६. बलराम पौडेल, योजना शाखा

१३७. सुजन फुयाँल, प्रशासन अधिकृत

१३८. टंक प्र. घिमिरे सुचना प्र. अधिकृत

१३९. सुनिता श्रेष्ठ सुनिता

१४०. हेम कुमारी श्रेष्ठ हेम

१४१ राजेश खत्री राजेश

१४२ जुना श्रेष्ठ जुना

१४३ दुर्गा कुमारी श्रेष्ठ दुर्गा

१४४. कर्ण बहादुर ~~[illegible]~~ [illegible]

१४५ मनिषा खत्री

१४६ पुर्ण ब. तामाङ

१४८ हिरा कुमार श्रेष्ठ

१४९ मधुसुदन कुसुम

१५० खेम राज घिमिरे

१५१ निमा तामाङ निमा

१५२ सन्तोष ठाकुर

१५३ महिन्द्रा नेपाली कार्यपालिका सदस्य महिन्द्रा

१५४ पञ्चकली सार्की

१५५ दिपक भोलान

१५६ दिनेश चौधरी

१५७ कमल थापामगर इन्जिनियर

१५८ छिना तामाङ
१५९ दिनेश श्रेष्ठ फिल्ड सहायक
१६० होमराज श्रेष्ठ
१६१ कमल श्रेष्ठ
१६२ सिता श्रेष्ठ
१६३ सुनिल श्रेष्ठ
१६४ फुलमान श्रेष्ठ
१६५ धावा तामाङ
१६६

## सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवाल तथा प्रतिबद्धता

उठेका सवालहरु :-

शैलुङ गाउँपालिका दोलखा को आयोजना र नेपाल पत्रकार महासंघ दोलखाको सहजीकरणमा भएको सार्वजनिक सुनुवाई कार्यक्रम शैलुङ गाउँपालिका वडा नं. ३, बाघखोर बजारमा सञ्चालन भयो। कार्यक्रमको सहजीकरण पत्रकार महासंघ दोलखाको तर्फबाट पत्रकार सुजन काफ्लेले गर्नुभयो। कार्यक्रममा जवाफदेही वक्ताको रुपमा गाउँपालिका अध्यक्ष श्री रिमलबाबु श्रेष्ठ, उपाध्यक्ष श्री पार्वती कार्की, प्रमुख प्रशासकीय अधिकृत श्री संजिब न्यौपाने रहनु भएको थियो भने कार्यक्रममा पत्रकार महासंघ दोलखाका सभापति दिपशंकर चौलागाई रहनु भएको थियो।

गाउँपालिकाको दोश्रो चौमासिक अबधिमा भएका कार्य हरुको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत श्री संजिब न्यौपाने ज्यू बाट प्रस्तुत भए पश्चात देहाय बमोजिम सवालहरु सर्वसाधारण बाट उठाइएका थिए।:-

(१) श्री रामलाल तमाङ, शैलुङ १

⇒ वडा बासीले वडा कार्यालय सम्म पुग्न गैरीलगायत का भेगका बासिन्दालाई अत्यन्तै टाढा भएको हुँदा सेवा लिन कठिनाई भएकोले बैकल्पिक व्यवस्था मिलाउनु पर्ने।

⇒ शैलुङ चक्रपथ (Ring Road) को DPR भएकोमा

कार्यान्वयन पक्ष के हुदैछ।

⇒ वडामा गरिने सडक सरसफाई प्रभावकारी नदेखिएकोले प्रभावकारी बनाउनु पर्ने।

⇒ कृषि तथा पशु प्राविधिक फिल्डमा नियमित हुन सकेन।

⇒ कृषकले समय मै रसायनिक मल प्राप्त गर्न सकेनन् र मूल्य पनि बढी तिर्नुपर्‍यो।

⇒ पूर्वाधार निर्माणका लागि तयार भएको प्राविधिक-लागत अनुमान बारे उपभोक्ता समिति स्पष्ट हुन सकेन

⇒ विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदा समेत शिक्षक संख्या बढी भयो त्यसलाई व्यवस्थापन गर्ने तर्फ के सोचिदैछ।

(२) हरि श्रेष्ठ, शैलुङ ३

⇒ बजारको नियमित रूपमा अनुगमन गरी अवैध तरिकाले खुल्ला रूपमा बेचिने सामाग्रीहरुको व्यवस्थापनमा ध्यान दिनुपर्‍यो। बजार अनुगमन कार्यलाई प्रभावकारी तथा परिणाम निस्कने खालको बनाउनु पर्‍यो।

⇒ शैलुङ अस्पतालमा औषधि तथा उपकरणको पर्याप्त व्यवस्था गरिनु पर्‍यो।

(३) फुर्वा मोक्तान, शैलुङ ३

⇒ निर्वाचनको बेला वडा कार्यालय सबैलाई पायक पर्ने गरी व्यवस्थापन गरिने आश्वासन दिइएकोथियो, तर हाल सम्म त्यसतर्फ कुनै चासो दिइएको देखिएन

⇒ वडा नं. ३को लागि पशु तथा कृषि प्राविधिक को व्यवस्था छैन, गाउँपालिकाले नै हेर्छ भनिए पनि त्यो अत्यन्तै कठिन र अपर्याप्त देखियो।

⇒ नश्ल सुधारको लागि बोका खरिद भयो भन्ने सुनियो तर प्राप्त हुन सकेन।

⇒ आगलागी लगायत अन्य प्रकारका प्रकोपबाट बचन विपद् व्यवस्थापन सँग सम्बन्धित सामाग्री हरु खरिद गरी व्यवस्थापन गर्नु जरुरी भएपनि त्यसो किन हुन सकेन।

(४) प्रेम कार्की, शैलुङ ६

⇒ अपुग ठाउँमा खानेपानी व्यवस्थापन हुन्छ भन्ने आश्वासन अघिल्लो वर्ष दिइएको थियो तर किन उपलब्ध हुन सकेन।

⇒ स्थानीय बासीहरु कृषि कर्म गर्न जागरुक देखिन्छन् तथा उत्साहित छन् तर प्रोत्साहनका कार्यक्रम गाउँपालिकाले ल्याउन अझै किन सकेन ?

⇒ कृषक समुहले अघिल्लो वर्ष गरेको गुनासो को किन सम्बोधन हुन सकेन ?

यसरी सहभागी बाट उठेका सवालमा देहाय बमोजिम जवाफदेही वक्ताले सम्बोधन गर्नुभयो :-

⟶ रिमलबाबु श्रेष्ठ, अध्यक्ष :-

१, वडा कार्यालय पायक पर्ने गरी व्यवस्थापनको लागि संघीय सरकार सँग प्रस्ताव लगिने र सेवा प्रवाह लाई जनशक्ति भए सम्म व्यवस्थापन गरिने।

२, शैलुङ Ring Road छिटोपुरा हुनेगरी कार्यान्वयन गर्न संघ र प्रदेश सरकार सँग पहल भैरहेको।

३, गाउँपालिकाले शिक्षा, स्वास्थ्य र कृषि/पशुपालन लाई प्राथमिकतामा राखेकोले यस तर्फ जनशक्ति व्यवस्थापन गर्ने कार्य भैरहेको र आवश्यकता एवं औचित्यताका आधारमा जनशक्ति परिचालन र व्यवस्थापन कार्य निरन्तर गरिने।

४, प्रकोप न्यूनिकरण र विपद् व्यवस्थापन तर्फ गाउँपालिका सजग रहेकोले स्रोत साधनको व्यवस्था गरी यसलाई सम्बोधन गरिने।

५, गाउँपालिका सँग सदरमुकाम, वडा कार्यालयबाट गाउँपालिका केन्द्र सम्म जोड्ने सडकलाई सर्वयाम सुचारु गर्ने तर्फ गाउँपालिका चासोका साथ काम गर्दैछ। त्यसैले सडक मर्मत सुधारलाई प्रभावकारी बनाइने छ।

⟶ पार्वती कार्की, उपाध्यक्ष :-

१) रसायनिक मल व्यवस्थित र सर्वसुलभ ढंगले वितरण गर्नको लागि सहकारी संस्थाहरुलाई निर्देशन

दिइने र अनुगमनको व्यवस्था गरिने।

२) बजार अनुगमनलाई व्यवस्थित र प्रभावकारी बनाइने साथै समयानुकूल छड्के अनुगमन पनि गरिने।

३) उजुरी तथा गुनासोहरू गाउँपालिकामा कृषक समुह कुनै बाट पनि प्राप्त भएको जानकारी नभएकोले औपचारिक जानकारी गराउनु हुन।

⟶ संजिब न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत:

१) बोका वितरण गर्दा सकभर मागको आधारमा व्यवस्थित गरिएको, यसो गर्दा गर्दै पनि कतै कमजोरी भएको देखिएमा सुधार गरिने।

२) अस्पतालमा औषधी र उपकरण व्यवस्थापन को कार्य भै रहेको, ठेक्का सम्झौता भै सकेकोले औषधिको अभाव नहुने, उपकरण समेत व्यवस्थापन गरिने साथै गाउँपालिकाको क्षमता नभएमा व्यवस्थापनको लागि संघीय र प्रदेश सरकार संग अनुरोध गरि व्यवस्थापनमा ध्यान दिइने।

⟶ कमल थापामगर, इन्जिनियर:

१) लागत अनुमान तयार गर्दा नेपाली भाषामा सबैले बुझ्नेगरी तयार गर्ने गरिएको, सम्बन्धित प्राविधिक वा पूर्वाधार शाखामा सम्पर्क गरेर समेत थप बुझ्न सकिने, बुझेर मात्र काम गर्नुहुन आग्रह।

२) स्थलगत अनुगमन र सुपरिवेक्षण गर्ने गरिएको यसलाई अझ प्रभावकारी र नियमित बनाइने।

प्रतिबद्धता:-

यस गाउँपालिकाबाट सम्पादन हुने कार्यहरु समयमै फलदायी ढंगले गर्न थप व्यवस्थित सेवा प्रवाह गर्दै कृषि तथा पशुपंक्षी पालक कृषकहरुलाई उनीहरुको प्रस्ताव अध्ययन गरी प्रोत्साहनका कार्यक्रमहरु गरिने, बजारमा उपभोग्य सामाग्रीहरु गुणस्तरीय एवं तौल बमोजिम कै परिमाणमा उचित मुल्य सहित उपभोक्ता ले प्राप्त गर्न सक्नेगरी अनुगमन गरि व्यवस्थापन गरिने, शिक्षा स्वास्थ्यमा लगानी अनुरुप गरिनु पर्ने व्यवस्थापनको पक्ष दरिलो बनाई प्रभावकारी

बनाउन संयन्त्र परिचालनमा थप सक्रियता देखाइने, - विपद व्यवस्थापनका क्षेत्रमा मानव स्रोत र सो को लागि आवश्यक पर्ने साधन व्यवस्था गर्न आगामी बर्ष थप सक्रियता देखाइने, वडालाई गाउँपालिका केन्द्र र गाउँपालिका केन्द्रलाई सदरमुकाम सम्म जोड्ने सडक सर्वयाम सुचारु गरिने समेतका प्रतिवद्धता व्यक्त गर्दै सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरियो।

कार्यक्रमको अन्त्यमा पत्रकार महासंघ दोलखाका सभापति दिपशंकर चौलागाईंले गाउँपालिकाद्वारा सम्पादित कार्यहरु प्रभावकारी भएको, विगतका राम्रा योजनालाई निरन्तरता दिने तर्फ ध्यान दिन आग्रह र अनुरोधका साथ सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न पत्रकार महासंघ दोलखालाई जिम्मेवारी प्राप्त भएकोमा शैलुङ गाउँपालिकालाई धन्यवाद तथा आभार व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको जानकारी गराउनु भयो।